माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
Website: www.mathagadhi.gov.np

च.नं. :( Despatch No.) :
पत्र संख्या:(Ref No.) :

## जलचर र जल पर्यावरण संरक्षण सम्बन्धी सूचना।

सूचना नं. २९/२०८०/०८१ मिति २०८०/१०/१६

जलचर संरक्षण ऐन, २०१७ को दफा ३ मा कुनै पनि व्यक्तिले कुनै जलमा रहेका जलचरलाई (निजी जलको प्रयोजन बाहेक) समात्ने वा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यस्तो आसपासमा कुनै किसिमको विद्युतिय तार (करेन्ट) वा विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न प्रतिबन्ध गरेको छ । तथापी यस माथागढी गाउँपालिका भित्रका विभिन्न नदी, खोला तथा नालाहरुमा करेन्ट लगाएर, विष्फोटक पदार्थ एवं विषादीको प्रयोग गरेर माछा मार्ने कार्य भइरहेको र सो का कारण जलचरहरुको बासस्थान र पर्यावरणमा समेत नकारात्मक पर्ने हुँदा यस्ता कार्य नगर्नु नगराउनु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको बर्खिलाप हुने गरी यस गाउँपालिका क्षेत्रभित्रको कुनै पनि नदीनाला/खोला/जलाशयहरुमा जलचर र पर्यावरणमा प्रतिकुल असर पर्ने क्रियाकलाप भए/गरेको पाइएमा त्यस्ता कार्यमा संलग्न हुने जुनसुकै व्यक्तिहरुलाई जलचर संरक्षण ऐन २०१७ बमोजिम ६ महिना सम्म कैद वा ५ हजार रुपैया सम्म जरिवाना वा दुवै सजाय हुने व्यहोरा समेत सूचित गरिन्छ ।

२०८०/१०/१६

राम प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत